REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 09.06.2025

Vikasit Sikkim-India 2047: IPR

केन्द्रमा एनडीए र राज्यमा एसकेएम सरकार गठन दिवसका अवसरमा "विकसित सिक्किम से विकसित भारत @2047' विषयक महत्त्वपूर्ण दुईदिने कार्यशाला आज गान्तोकको मनन केन्द्रमा आयोजित भयो। यस कार्यशालाको उद्घाटन समारोहमा आज मुख्यमन्त्री प्रेमसिंह तामाङ मुख्य अतिथिका रूपमा उपस्थित हुनुभयो। मुख्यमन्त्रीले कार्यक्रमलाई सम्बोधन गर्दै, प्रधानमन्त्री नरेन्द्र मोदीको सेवा, सुशासन अनि गरीब कल्याणप्रति समर्पित सफलताले 11 बर्ष पूरा गरेकामा सिक्किमवासी र सिक्किम सरकारको तर्फबाट प्रधानमन्त्री एवं एनडीए सरकारप्रति हार्दिक बधाई तथा शुभकामना टक्राउनुभयो। उहाँले अमृतकालका सारथी प्रधानमन्त्री श्री मोदीका नेतृत्वमा नारी शसक्तिकरण, आर्थिक विकास, कृषक उत्थान, परम्परा विरासतको संरक्षण, सांस्कृतिक पुनरूत्थान, राष्ट्रिय सुरक्षा अनि वैश्विक विशिष्टताले निरन्तर नयाँ आयाम प्राप्त गरेको जनाउँदै, यी सिर्जनशील बर्षहरूमा उहाँको परिकल्पना सबका साथ सबका विकास, सबका विश्वास र सबका प्रयास-को भावनाले हर व्यक्तिलाई एकसाथ जोडेर प्रगति पथमा निरन्तर डो्याइरहेको बताउनुभयो। उहाँले भन्नुभयो, *BYTE...*

PIB-Media Interaction: IPR

पीआईबी, गान्तोकले आई.पी.आर विभाग, पाकिमको सहयोगमा भोलि पाकिममा मिडिया अन्तरक्रियात्मक कार्यक्रम वार्तालाप आयोजना गरिरहेको छ। एक दिनसम्म चल्ने यस कार्यक्रममा वरिष्ठ पत्रकार, नोकरशाह र जनप्रतिनिधिहरू चर्चामा सामेल हुनेछन्। उद्घाटन सत्रमा जिल्ला अध्यक्ष लादेन ल्हमु भोटिया उपस्थित हुनुहुनेछ। पहिलो सत्रमा 2047 सम्ममा विकसित भारतका लागि सामूहिक प्रयास र सिक्किमको भूमिकामाथि प्यानल चर्चा हुनेछ। दोस्रो सत्र अन्तर्राष्ट्रिय योग दिवस 2025 अघि विकसित भारतलाई प्राप्त गर्नमा मानसिक स्वास्थ्य र योगको भूमिकामाथि केन्द्रित हुनेछ। तेस्रो सत्र सहभागीहरूसँग चर्चा र प्रश्नोत्तर सत्र हुनेछ। यल वार्तालापको उद्देश्य जमिनी स्तरमा भारत सरकारका विभिन्न योजना तथा कार्यक्रमबारे जागरूकता फैलाउनु र ग्रामीण मिडियालाई यस्तो सूचना प्रसारका लागि प्रेरित गर्नु हो।

DA-JUGA: IPR

आदिवासी समुदायको सामाजिक-आर्थिक कल्याणमा केन्द्रित राष्ट्रिय पहल, धरती आबा जनजातिय ग्राम उत्कर्ष अभियानसम्बन्धी बैठक आज जिल्ला प्रशासनिक केन्द्र नाम्चीमा आयोजना भयो। बैठकको अध्यक्षता नाम्चीका जिल्लापाल अनुपा तामलिङले गर्नुभयो। यस पहलको उद्देश्य एकीकृत र दिगो विकास कार्यक्रमहरू मार्फत राज्यभरिका आदिवासी समुदायहरूको उत्थान गर्नु हो। जिल्लापाल सुश्री तामलिङले

TRIAL MODE - Click here for more information

जिल्लाभरि योजनाको चरणबद्ध र संरचनात्मक कार्यान्वयनको महत्त्वमाथि प्रकाश पार्नुभयो। उहाँले पहलको निर्बाध कार्यान्वयन सुनिश्चित गर्न सबै विभागलाई अधिकतम प्रभावका लागि समझदारी र समन्वयका साथ काम गर्न आग्रह गर्नुभयो। सिक्किममा यस पहलले आदिवासी समुदायहरूको समग्र विकासतर्फको सशक्त कदमलाई दर्शाउँदछ।

VKSA-Sikkim: IPR

देशभरि चलिरहेको विकसित कृषि सङ्कल्प अभियानको नवौँ दिनको कार्यक्रम नाम्चेबुङ र याक्तेन ग्राम पञ्चायत एकाइहरूमा सफलतापूर्वक सम्पन्न भयो। यस पहलले कृषि, बागवानी, पशुपालन र सम्बद्ध क्षेत्रहरूसँग सम्बन्धित प्रमुख केन्द्रिय योजनाहरूबारे जागरूकता फैलाउनमा महत्त्वपूर्ण भूमिका खेल्दछ। यो कार्यक्रम किसानहरूको घरदैलोसम्म पुग्ने एक सशक्त सहयोगात्मक पहुँच साबित भएको छ। कार्यक्रमको मुख्य आकर्षण पीएम-किसान, किसान क्रेडिट कार्ड, पीएम फसल बीमा योजना र मृदा स्वास्थ्य कार्ड जस्ता योजनाहरूका लागि नामाङ्कन सुविधा प्रदान गर्नु थियो। यस अभियानले विशेष गरी सिक्किम जस्ता भौगोलिक रूपले चुनौतीपूर्ण क्षेत्रहरूमा ग्रामीण किसान र आधुनिक कृषि उन्नतिबीचको खाडललाई कम गरेको छ।

Namchi-Cleanliness Drive: IPR

राज्य स्थापनाको पचास वर्षको अवसरमा, मुख्यमन्त्री प्रेमसिंह तामाङको निर्देशनमा नाम्चीमा आज सामूहिक सरसफाइ अभियान सञ्चालन गरियो। यो अभियान नागरिकहरूमा नागरिक जिम्मेवारी र वातावरणीय जागरूकता जगाउने उद्देश्यले गरिएको हो। यो सरसफाइ अभियानमा किसान बजारदेखि कामाख्या पेट्रोल पम्प थर्पुसम्मका क्षेत्रहरू समेटिएको थियो, जसमा नाम्ची जिल्ला प्रशासनिक केन्द्र परिसर पनि समावेश थियो। स्थानीय सरोकारवालाहरूसँगको समन्वयमा शहरी विकास विभाग नाम्चीले यस सफाइ अभियानमा सक्रिय रूपमा भाग लिँदै, तोकिएका स्थानहरूमा पूर्ण सरसफाइ र फोहोर व्यवस्थापन सुनिश्चित गरेको थियो।

Mangan-Recovered Body: Wangchuk Bhutia

उत्तर सिक्किमको चाटेनमा रहेको सैन्य शिविर पहिरोको चपेटमा परेपछि जून एकदेखि बेपत्ता भएका छ जना सैनिक जवानहरूमध्ये एक जवान सैनुधीन पिकेको शव उद्धार टोलीले फेला पारेको छ। मङ्गन जिल्लाका पुलिस अधीक्षक सोनम देचु भोटियाले यो शव फेला परेको पुष्टि गर्नुभएको छ।

TRIAL MODE - Click here for more information